# यसरि मनाईयो ऐतिहासिक मकवानपुरगढी २५७ औं विजय उत्सव - प्रमुख अतिथिमा माननीय मुख्य मन्त्रि डोरमणि पौडेलज्यु |

मकवानपुरगढी गाउँपालिकाको आयोजना र नेपाली सेनाको सहकार्यमा आयोजित  ऐतिहासिक मकवानपुरगढी २५७ औं विजय उत्सव समारोहमा माननीय मुख्य मन्त्रि डोरमणि पौडेलज्युको प्रमुख अतिथ्यता रहेको थियो भने मकवानपुरगढी गाउँपालिका अध्यक्ष बिदुर हुमागईज्युको सभाध्यक्षता रहेको थियो | कार्यक्रममा संविधानसभाका सदस्य अनन्त पौडेल, प्रदेशसभाका सदस्यहरु मुनु सिग्देल,प्रदेश सांसद प्रेम बहादुर पुलामी , जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख रघुनाथ खुलाल, उपप्रमुख भगवती पुणासैनी, मध्यपृतनापति तराधोज पाण्डे, मनहरी गाउँपालिकाका अध्यक्ष एकराज उप्रेती लगायतको आतिथ्यता रहेको थियो । कार्यक्रममा मकवानपुरगढी गाउँपालिकाका पमुख प्रशासकीय अधिकृतद्वारा स्वागत मन्तब्य राख्नु भयो |




ऐतिहासिक मकवानपुरगढीको २ सय ५७ औ विजय उत्सव भव्य रुपमा गरिएको छ। मकवानपुरगढी गाउँपालिका मुल समारोह समितिको आयोजना भएको कार्यक्रमको उद्घाटन बागमती प्रदेशका मुख्यमन्त्री डोरमणि पौडेलज्युले गर्नु भएको हो  । मुख्यमन्त्री पौडेलले सो अवसरमा एक दन्ते सेतो हात्तिको मुर्तिको अनावरण गर्नुका साथै  कार्याक्रमलाई सम्बोघन गर्दै पुर्खाले जोगाएको ऐतिहासिक मकवानपुरगढीको महत्व अरु गढीको भन्दा फरक रहेको बताउनु भयो  ।








मकवानपुरगढीबाट बंगाली फौजलाई परास्त गर्न नसकेको भए नेपाल एकीकरणको प्रक्रिया पुरा हुन नसक्ने भएकोले नेपालमा रहेको धेरै गढीभन्दा मकवानपुरगढी फरक रहेको साथै मकवानपुरगढीबाट बंगाली फौजलाई परास्त गर्न नसकेको भए सम्भवत पृथ्वीनारायण शाहको एकीकरण अभियान असफल हुन्थ्यो भन्दै यसको अत्यन्त दुरगामी महत्व राखेको ऐतिहासिक मकवानपुरगढीको अस्तित्व जोगाउनु हाम्रो प्रमुख दायित्व रहेको बताउनु भयो ।आगामी केही बर्षभित्र दैनिक पाँच हजारको संख्यामा पर्यटक भित्र्याउने गरी काम गरिने र नेपाललाई जितेर लुटपाट मच्चाउन आएको विदेशी सेनालाई नेपाली सेनाले पराजित गरेको माघ १० गतेकोको दिन नेपाललाई स्वतन्त्र मुलुकका रुपमा स्थापित गराउन उपयुक्त दिन भएको धारणा पनि व्यक्त गर्नु भयो |

कार्याक्रममा मकवानपुरगढी गाउँपालिका अध्यक्ष्य बिदुर हुमागाईले ऐतिहासिक मकवानपुरगढीको २५७ औं बिजयउत्सवमा प्रतिबेदन प्रस्तुत गर्नु भएको  थियो । उहाँले  देशकै महत्वपूर्ण धार्मिक पर्यटकीयस्थलको रुपमा विकास गरिदै लौजाने र बिजयउत्सब गोर्खाली सेनाको बिजय, बिदेशी सेनाको पराजयसँग मात्र सम्बन्धित नभई मकवानपुरगढीको हारसँगै हरिहरपुरगढीमा भएको पराजय पश्चात सेन वंशीय अन्तिम राजा दिग्बन्धन सेनले वंगालका नवाब मिरकासीमसँग सैन्य सहयोग मागेपश्चात गुरगिन खाँको नेत्तृत्वमा आएको करिब २५ सय फौज सन १७६२ जनवरीमा हर्नामाडीमा रहेको गोर्खाली सेनाको पोष्टमा आक्रमण गरी कब्जा गरेपश्चात आधारशिविर बनाई मकवानपुरगढी माथि हमला गर्ने योजना मुताबिक बिदेशी सेनाले शिखरकटेरीसम्म कब्जा जमाईसकेको अवस्थामा मकवानपुरगढीमा रहेको सरदार नन्दु शाह नेतृत्वको सेना र दहचोकबाट पृथ्वीनारायण शाहले पठाएको नाहरसिह बस्नेत र बंशिराज पाण्डेको नेतृत्वमा रहेको गोर्खाली सेनाले बिसं. १८१९ माघ ९ गते राती बंगाली सेनामाथी हमला गरी लगातार भएको युद्द पछि माघ १० गते बिहान गुरगिन खाँको नेतृत्वमा रहेको सेनालाई परास्त गरी बिजय प्राप्त गरेको कुरा प्रतिबेदन मार्फत बताउनु भयो |




यही युद्ध नेपालको इतिहासमा बिदेशी सेनालाई पहिलो पटक नेपाली भुमिमा पराजीत गरेकाले आफैंमा महत्व बोकेको छ । यस मकवानपुरगढीको लडाईमा गोर्खाली फौजले बिजय प्राप्त नगरेको भए नेपाल एकीकरणमा ठुलो धक्का लाग्ने मात्र नभई नेपाल एकीकरणको महान अभियान साकार हुन कठिन हुने अनुमान गरिन्छ । साथै बि.स. १८७१ देखि १८७३ सम्म भएको नेपाल अंग्रेज युद्धको अन्त्यको लागि भएको सुगौलीसन्धिको बेलायती पक्षले राखेको सर्त नेपाल सरकारलाई स्वीकार नभएपछि

असन्तुष्ट अंग्रेजले जनरल अक्टरलोनीको नेतृत्वमा लडाई सुरु गरे । त्यस समयमा पनि गोर्खाली सेनाले शिखरकटेरीबाट गढी कब्जा गर्न खोजेका अंग्रेज सेनालाई गढीबाट परास्त गरिदिए । त्यसैले मकवानपुरगढीले एकीकरण अभियानलाई साकार गर्न तथा बिदेशी हस्तक्षेपबाट देशलाई जोगाउनसँगै नेपाल स्वाधीन राष्ट्रको रुपमा विश्वसामु उभ्याउन महत्वपूर्ण भुमिका खेलेको छ । यिनै तत्वहरुलाई आत्मासाथ गर्दै नेपालको इतिहासमा मकवानपुरगढीको महत्वलाई चिरस्थायी राख्दै प्राप्त बिजयको सम्झनास्वरुप प्रत्यक बर्ष माघ १० गते ऐतिहासिक मकवानपुरगढी बिजयउत्सव मनाउने गर्दै आएको बताउदै यसको ऐतिहासिक महत्वो र आगामी दिनमा यसको विकासको लागि चालिने कदमहरु बारे प्रस्ट पर्नु भयो |









मकवानपुरगढी गाउँपालिका अध्यक्ष श्री बिदुर हुमागाईंद्वारा कार्यक्रमका प्रमुख अथिति माननीय मुख्य मन्त्रि डोरमणि पौडेलज्यु लगायत अन्य अतिथिज्यु लाई स्वागत गर्दै साथमा जिल्ला समन्वय समिति सभापति रघु खुलालज्यु |



सेतो एक दन्ते हात्तिको ऐतिहासिक महत्वको बारेमा बर्णन गर्दै मकवानपुरगढी गाउँपालिका प्रमुख प्रशासकिय अधिकृत रामकुमार पुडासैनीज्यु |



माननीय मुख्य मन्त्रि डोरमणि पौडेलज्युबाट सेतो एक दन्ते हात्ति अनावरण |







माननीय मुख्य मन्त्रि डोरमणि पौडेलज्युबाट सेतो एक दन्ते हात्ति अनावरण |





ऐतिहासिक मकवानपुरगढी २५७ औं विजय उत्सव समारोहको उद्धघाटन गर्दै माननीय मुख्य मन्त्रि डोरमणि पौडेलज्यु साथमा प्रदेश सांसद कृष्ण दालज्यु मुनु सिग्देलज्यु, प्रेम बहादुर पुलामीज्यु र प्रदेश सभा सदस्य अनन्त पौडेलज्यु साथै अन्य सहभागीगणहरु |










२५७ औं विजय उत्सव कार्यक्रममा पुरानो गोरख गणको प्रस्तुति




ऐतिहासिक मकवानपुरगढी २५७ औं विजय उत्सव  समारोहाका प्रमुख अतिथि माननीय डोरमणि पौडेलज्युबाट सम्मानपत्र ग्रहण गर्नु  हुदै पत्रकार महासंघ वाग्मती प्रदेश अध्यक्ष प्रताप बिष्टज्यु |





ऐतिहासिक मकवानपुरगढी २५७ औं विजय उत्सव  समारोहाका प्रमुख अतिथि माननीय डोरमणि पौडेलज्युबाट सम्मानपत्र ग्रहण गर्नु  हुदै मध्यपृतनापति तराधोज पाण्डेज्यु |




मकवानपुरगढी गाउँपालिका अध्यक्ष श्री बिदुर हुमागाईंद्वारा माननीय मुख्य मन्त्रि डोरमणि पौडेल ज्युलाई मायाको चिनो हस्तान्तरण गर्दै |




गुरगीन खाँको फौजले प्रयोग गरेको हातहतियारहरु




गोर्खाली सेनाले प्रयोग गरेका हतियारहरु



बृहत झण्डा उत्तोलन

# ऐतिहासीक मकवानपुरगढी २५७ औं विजय उत्सव कार्यक्रमका केहि झलकहरु














गोर्खाली फौज र मिर कासिमका फौज बिच युद्ध
THE BATTLE BETWEEN GORKHALI ARMY AND BENGALI ARMY (MIR QASIM)


गोर्खाली फौज र मिरकासिमका फौज बिच युद्ध
(वि.सं.१८१९ माघ ९ र १० गते)


नेपाल एकीकरण अभियान पहिलो राज्य विजय मकवानपुर
UNIFICATION OF NEPAL MAKWANPUR STATE: THE FIRST UNIFIED STATE
गोर्खाका राजा पृथ्वीनारायण शाहले नेपाल एकिकरणको लागि काठमाण्डौ उपत्यका विजय पुर्व मकवानपुर राज्यको एकीकरण अत्यावश्यक ठानी मकवानपुर राज्य माथि हमला गर्ने योजना बनाएका थिए । काठमाण्डौ उपत्यका आक्रमणको लागि दहचोकमा किल्ला जमाई बसेका गोर्खाली फौजबाट वि.सं.१८१९(ई.सं.१७६२) को वर्षायाममा चौतारिया महोद्मकिर्ति शाह, दलमर्दन शाह, शुरप्रताप शाहको नेतृत्वमा करीब ११०० जनाको फौज दहचोकबाट चित्लाङ, कुलेखानी, टेकननिर भञ्ज्याङ, खुडेधारको बाटो हुदै मकवानपुर गढीको उत्तरबाट वि.सं.१८१९ भदौ ९ गते (ई.सं.१७६२ अगष्ट २१ गते) को बिहानैबाट हमला गरी करिब आठ घण्टाको लडाई पश्चात मकवानपुर गढीमा विजय प्राप्त गरेका थिए । लडाईमा हारमानी राजा दिग्बन्धन सेन आफ्नो फौज सहित मकवानपुर राज्य भित्र पर्ने हरिहरपुर गढीमा गई बसेका थिए । हरिहरपुर गढीमा समेत गोर्खाली फौजले ई.सं.४ अक्टोवर १७६२ (वि.सं.१८१९ आसोज २२ गते) का दिन हमला गरी विजय प्राप्त गरे पश्चात मकवानपुर राज्य गोर्खा राज्यमा एकिकरण भयो । यसरी मकवानपुर राज्य नेपाल एकीकरण अभियानमा एकीकरण भएको पहिलो राज्य थियो ।
The Gorkha King Prithivi Narayan Shah realised the essence of concurring strong Makwanpur State before the capture of Kathmandu valley for the unification of Nepal. Therefore, Gorkhali Army staying temporarily at Dahachowk for the capture of Kathmandu valley was tasked to capture Makwanpur state first. Approximately, 1100 troops under the command of Mohdankriti Shah, Dalmardan Shah and Surpratap Shah moved from Dahachowk through Chitlang- Kulekhani- Tekannir Pass- Khudedhar and attacked Makwanpur fort then capital of Makwanpur state from the North on 21st Aug 1762. King Digbandan Sen and his Army were defeated in Makwanpur fort and moved his capital to Hariharpur Gadhi another fortress of Makwanpur State. Gorkha Army also attacked and defeated Sen Army at Hariharpur Gadhi on 4th Oct 1762 which ended the Sen rule in the Makwanpur. Thus, the Makwanpur state become the first principality state unified in the unificaion campaign of Nepal.


मध्य पृतना हे.क्वा. अन्तरगतका
गढीहरु
उपरदाङ्ग गढी, चितवन
नुवाकोट दरबार, नुवाकोट
रसुवागढी, रसुवा
मकवानपुर गढी (सानो)
ढुङ्गेगढी, मकवानपुर
अम्वासगढी, मकवानपुर
समनपुर गढी तोप
समनपुर गढी पोखरी


मकवानपुरगढी २५६ औं विजय उत्सव


नेपाल अधिराज्य एकिकरण मार्गको नक्सा
Map of Unification Trail of Nepal


मकवानपुर जिल्लामा रहेका ऐतिहासिक गढीहरु


मकवानपुर गढी